# लिखु पिके अध्यक्ष कृषि प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०८१

## लिखु पिके गाउँपालिका

**चौंलाखर्क,सोलुखुम्बु**

गाँउपालिका बाट स्वीकृत मिति :२०८१/०९/०४

# लिखु पिके गाउँपालिका

## अध्यक्ष कृषि प्रवर्द्धन सम्बन्धि कार्यविधि, २०८१

लिखु पिके गाउपालिकाले कृषि प्रवर्द्धनका लागि कृषकहरूलाई आवश्यक सहायता उपलब्ध गराउने, कृषि उत्पादनलाई आधुनिक तथा प्रविधिमैत्री बनाउन सहयोग गर्ने, स्थानीय उत्पादनको संकलन तथा बजारीकरण सुनिश्चित गर्ने, तथा कृषकहरूको आय वृद्धि गर्ने, कृषकहरुलाइ गुणस्तरीय बीउ बिजन तथा आधुनिक कृषि औजारहरू सहुलियतमा उपलब्ध गराउने, उत्पादनको संकलन तथा बिक्री व्यवस्थापन गर्ने, न्यूनतम समर्थन मूल्य सुनिश्चित गर्ने, कृषि प्राविधिकको सहजीकरणमा आधुनिक कृषि प्रविधि हस्तान्तरण गर्ने तथा प्राकृतिक प्रकोप तथा रोग व्याधिको जोखिम न्यूनीकरण गर्ने उद्देश्यले नेपालको संविधानको धारा २२६ अनुसूचि ८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी लिखु पिके गाउ कार्यपालिकाले कृषि प्रवर्द्धन सम्बन्धि कार्यविधि बनाई जारी गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "लिखु पिके गाउपालिकाको कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि, २०८१" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले लिखु पिके गाउपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) उपाध्यक्ष भन्नाले लिखु पिके गाउपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाल लिखु पिके गाउपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

घ) कार्यालय भन्नाले लिखु पिके गाउपालिका कार्यालयलाई सम्झनुपर्दछ ।

(ङ) "उत्पादक" भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनु पर्छ ।

(च) "एजेन्ट" भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने इर्तावाला व्यक्ति सम्झनु पर्छ र सो शब्दले संगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ ।

(छ) "कृषक" भन्नाले यस कार्यविधिको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनु पर्छ ।

(ज) कृषि बजार" भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनु पर्छ ।

(झ) "कृषि वस्तु" भन्नाले कृषकले कुनै बोट बिरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्छ ।

## परिच्छेद २

## कार्यविधिको उद्देश्य

२.१ गुणस्तरीय बीउ बिजन नि:शुल्क तथा कृषि औजार, कृषि अनुदान र सिंचाइ सामग्रीमा ५० प्रतिशत छुट उपलब्ध गराउने ।

२.२ स्थानीय उत्पादन संकलन गरी नि:शुल्क ढुवानी मार्फत उपयुक्त बजारमा पुराउने ।

२.३ लिखु पिके गाउँपालिकाको नाममा आधिकारिक बिक्री केन्द्र स्थापना गरी उत्पादन उचित मूल्यमा बिक्री गर्ने ।

२.४ जोखिम न्यूनीकरण रणनीति अवलम्बन गर्दै कृषकहरुको लगानी सुरक्षित बनाउने ।

२.५ कृषि प्राविधिक नियुक्त गरी कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने ।

२.६ स्थानीय तहमा कृषि व्यवसायलाई आधुनिक, प्रविधिमैत्री र आत्मनिर्भर बनाउने ।

## परिच्छेद ३

## कार्यक्रमका प्रमुख क्षेत्रहरू

३.१ बीउ बिजन तथा कृषि औजार सहुलियत कार्यक्रम ।

३.२ कृषकहरुको माग संकलन गरी गुणस्तरीय बीउ बिजन नि:शुल्क वितरण ।

३.३ कृषि औजार तथा उपकरणमा ५० प्रतिशत छुट दिने जस्तै: ट्रयाक्टर, मल छर्ने उपकरण, झार काट्ने मेशिन ।

३.४ सिचाईका सामग्री पाइप, पानी पम्प, ड्रिप इरिगेसन, स्प्रिंकलरमा ५० प्रतिशत छुट दिने ।

## परिच्छेद ४

## स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समिति

४.१ स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समिति: (१) कृषि क्षेत्रको समग्र विकास तथा प्रवर्द्धन लगायतका कार्य गर्न लिखु पिके गाउँपालिकामा एक स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समिति रहनेछ ।

(क) गाउँपालिकाको अध्यक्ष -संयोजक

ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ) सदस्य समितिले मनोनयन गरेको विज्ञ सदस्य १ जना - सदस्य

ङ) समितिले मनोनयन गरेको व्यवसायिक किसानमध्ये १ जना – सदस्य

च) गाउँपालिकाको कृषि शाखा प्रमुख -सदस्य सचिव

समितिले सम्वन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद ५

## कृषि उत्पादन संकलन प्रक्रिया

५.१ संकलन केन्द्र स्थापना:

क) गाउँपालिकामा संकलन केन्द्र स्थापना गरी कृषकहरूबाट उत्पादन संकलन गर्ने

ख) कृषि समूह, सहकारी, अगुवा कृषकमार्फत उत्पादन संकलन गरिने ।

ग) उत्पादन संकलनपछि गुणस्तर परीक्षण तथा वर्गीकरण गरी उच्च गुणस्तरका उत्पादन प्राथमिकता दिइने ।

घ) एक गाडी संकलन भएपछि बिक्री केन्द्र मार्फत बजार व्यवस्थापन गरिने।

## परिच्छेद ६

## संकलन तालिका निर्धारण:

६.१ मौसम अनुसार बाली उत्पादनको समय पहिचान गरी संकलन तालिका बनाइने।

६.२ कृषकहरुलाई उत्पादन संकलनको मिति तथा प्रकिया सम्बन्धी समयमै जानकारी गराइने।

**६.३ ढुवानी तथा बजारीकरण व्यवस्था:**

क. लिखु पिके गाउपालिकाले नि:शुल्क ढुवानी सेवा प्रदान गरी उत्पादन विकी केन्द्रमा पठाइने।

ख. लिखु पिके गाउपालिकाको विकी केन्द्र (जस्तै काठमाडौमा उत्पादन आपूर्ति गरिने।

ग. डिजिटल प्लेटफर्म तथा अनलाइन बजार प्रणाली मार्फत विकी प्रवर्द्धन गरिने।

घ. किसानका उत्पादनको न्यूनतम मूल्य सुनिश्चितता गरिने ।

ङ. न्यूनतम समर्थन मूल्य MSP निर्धारण गरी उचित मूल्यमा विकीको सुनिश्चितता गरिने।

च. उत्पादन संकलन गर्दा तौल, गुणस्तर, संकलन विधि, भण्डारण सुविधाको उचित व्यवस्था गरिने।

## परिच्छेद ७

## गाउँपालिकाको नाममा विकी केन्द्र सञ्चालन

क. काठमाडौ तथा अन्य प्रमुख बजार क्षेत्रमा विकी केन्द्र स्थापना गरिने

ख. स्थानीय उत्पादनलाई ब्रान्डिङ गर्दै प्रत्यक्ष बिक्रि वितरण गरिने

ग. डिजिटल प्लेटफर्म तथा अनलाइन विक्री प्रणाली सञ्चालन गरिने

घ. आवश्यक उत्पादित कृषि सामग्रीको ब्रान्डिङ र प्याकेजिङ लिखु पिके गाउपालिकामै गरिने ।

ङ. सामग्रीहरुको मूल्य विशेष कृषक, बुद्धिजीवी, र जनप्रतिनिधिहरूको बैठक बसेर निर्धारण गरिने ।

## परिच्छेद ८

## कृषि प्राविधिक नियुक्ति तथा सहजीकरण

८.१ कार्यक्रमलाई प्रभावकारी बनाउन एक जना कृषि प्राविधिक चौथो/पाचौ वा सो सरहको नियुक्ति गरिने ।

८.२ कृषि प्राविधिकले कृषकहरूलाई प्राविधिक परामर्श, तालिम, बाली रोग व्यवस्थापन, उत्पादन पूर्वानुमान सम्बन्धी सेवा प्रदान गर्ने ।

**८.३ कृषि प्राविधिक नियुक्ति प्रकिया:**

क) कृषि प्राविधिक नियुक्ति गर्ने करार कर्मचारी भर्ना सम्बन्धि कार्यविधि बमोजिम गरिनेछ ।

ख) न्यूनतम शैक्षिक योग्यता: नेपाल सरकारबाट मान्यता शिक्षण संस्थाबाट कृषि विज्ञानमा ३ वर्षे बाली विज्ञान उत्तीर्ण गरेको वा सो सरह गरेको हुनुपर्ने ।

ग) सम्बन्धित क्षेत्रमा कम्तीमा ३ वर्ष कार्यानुभव भएकोलाई प्राथमिकता दिइने ।

घ) आवेदन फारम खुला गरिने, प्राथमिक छनोट सूची तयार गरिने, अन्तर्वार्ता तथा मूल्याकन पश्चात योग्य उम्मेदवार छनोट गरिने । सहजकर्ताले बजारीकरणमा पनि सहयोग एवम् समन्वय गर्नुपर्ने ।

ङ) नियुक्त कृषि स्नातकको कार्यसम्पादन मूल्याकन गरी आवश्यक प्रशिक्षण तथा सुधारात्मक कार्यक्रम सञ्चालन गरिने ।
च) करार अवधि अध्यक्ष कृषि प्रवर्द्धन कार्यक्रम रहनुन्जेलसम्म रहनेछ ।

## परिच्छेद ९
## जोखिम न्यूनीकरण उपायहरू

क) प्राकृतिक प्रकोप न्यूनीकरणका लागि मौसम पूर्वानुमान प्रणालीको विकास

ख) सिचाइ पूर्वाधार विस्तार गरी खडेरी तथा अनावृष्टि व्यवस्थापन:

ग) जैविक तथा प्रविधिमैत्री रोग व्यवस्थापन प्रणाली लागू गर्ने

घ) न्यूनतम समर्थन मूल्य MSP लागू गर्ने ।

ङ) चिस्यान केन्द्र Cold Storage को स्थापना ।

च) कृषि बीमा कार्यक्रम लागु गर्दै अनिवार्य सहभागिता सुनिश्चित गर्ने ।

छ) सहुलियतपूर्ण ऋण व्यवस्था तथा कृषि आपत्कालीन राहत कोष स्थापना ।

## परिच्छेद १०

## विविध

**१०. विवाद समाधान**

१) यदि कुनै विवाद उत्पन्न भएमा गाउँपालिकाको कृषि शाखाले प्रारम्भिक छलफल गरी समाधान गर्ने समाधान नभएमा गाउँपालिका अध्यक्ष तथा सरोकारवालाहरुको बैठकमार्फत निर्णय गरिने ।

२) आवश्यक परेमा (२) उपदफा (१) बमोजिम वार्ताबाट विवाद समाधान हुन नसकेमा पक्षहरूले प्रचलित कानुन बमोजिम स्थानीय न्यायिक समितिमा निवेदन दिन सकेछन।

३) स्थानीय न्यायिक समितिले निवेदन उपर कारवाही प्रकिया अगाडी बढाई विवाद समाधान गर्नु पर्नेछ।

**११ बजेट व्यवस्थापन**

स्थानीय, प्रदेश तथा संघीय सरकारको बजेटबाट कार्यक्रम संचालन गरिनेछ।

सहकारी तथा निजी क्षेत्रको साझेदारीमा लगानीको व्यवस्था गरिनेछ।

**१२.बौद्धिक सम्पत्तिको संरक्षण गर्नु पर्ने**

यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्दा वा व्यवसायिक कृषि करार गर्दा बौद्धिक सम्पत्ति, भौगोलिक परिचय तथा कृषक अधिकार समेतको संरक्षण हुने गरी गर्नु पर्नेछ।

**१३.बाधा अड्काउ फुकाउन सक्ने**

यस कार्यविधिको कार्यान्वयनको क्रममा केही बाधा अवरोध भएमा कार्यविधिको संशोधन तथा थपघट गर्ने अधिकार गाउँकार्यपालिकामा रहनेछ।

**१४. बचाऊ:**

यस कार्यविधिको उद्देश्य तथा विषय क्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

अनुसूची -१, कर्मचारी दरखास्त नमुना फाराम :

कर्मचारी दरखास्त नमुना फाराम देहाय बमोजिम हुनेछ :

# लिखु पिके गाउँ कार्यपालिकाको कार्यालय

चौलाखर्क, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल

| |
|---|
| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो टाँस्ने |

## करारको लागि दरखास्त फाराम

विज्ञापन नं.

पद,सेवा,समूह :-

(क) वैयक्तिक विवरण

| | | | | | |
|---|---|---|---|---|---|
| | नाम थर | देवनागरीमा | | | |
| | | अंग्रेजी ठूलो अक्षरमा | | | लिङ्ग |
| | नागरिकता नं | | जारी जिल्ला | जारी मिति | |
| स्थायी ठेगाना | क. जिल्ला | | ख. म.न.पा./उप.म.न.पा./न.पा./गा.पा | | ग. वडा नं |
| | घ. टोल | | ङ. मार्ग/घर नं | फोन नं | |
| पत्राचार गर्ने ठेगाना | | | | इमेल ठेगाना | |
| बाबुको नाम,थर | | | जन्म मिति : वि.सं. | | (ई.सं.) |
| बाजेको नाम,थर | | | हालको उमेर | वर्ष | महिना |

(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्युनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| तालिम | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(ग) अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समुह/उपसमुह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन । दरखास्त बुझाइएको पदको सूचनाको लागि योग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मञ्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समय भन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा १ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको सहीछाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मिति : |

| कार्यालयले भर्ने | |
|---|---|
| रसिद/भौचर नं. | रोल नं. |
| उम्मेदवारी रद्द हुने भए सो को कारण | |

| दरखास्त रुजु गर्नेको नाम | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको | कार्यालयको छाप |
|---|---|---|
| दस्तखत | दस्तखत | |
| मिति | मिति : | |

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैंले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

२. समकक्षता र सम्बद्धता आवश्यक पर्नेमा सो को प्रतिलिपि,

३. २ प्रति पासपोर्ट साइज फोटो (फाराममा टाँसिएको सहित)

४. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, प्राविधिक कार्य (इन्जिनियरिङ, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स) को प्रतिलिपि, तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि, आदि ।

अनुसूची- १

लिखु पिके गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौलाखर्क सोलुखुम्बु ।

कर्मचारी छनोटका लागि एकिकृत मूल्याङ्कन सूची

| शीर्षक | पासाङ्क | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|
| स्थायी बसोबास भएको उम्मेदवार भएमा | १० अंक | १०० | |
| सोलुखुम्बु जिल्ला भित्रको उम्मेदवार भएमा | ५ अंक | | |
| योग्यता | १० | | |
| कार्यानुभवको प्रमाण पत्र | ५ | | |

श्रेणीगत प्रमाण पत्र

प्रथम श्रेणी –१०

द्वितीय श्रेणी- ८

तृतीय श्रेणी- ६

**GPA भएमा**

२.८ देखि बढि भएमा- १०

२.० देखि २.७९ सम्म भएमा - ८

१.६ देखि  १.९९ भएमा - ६

प्रमाणित गर्ने